**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. कडा सुरक्षाको साथमा दिल्ली विधानसभाको मतदान शुरु भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी महाकुम्भ मेलामा सहभागी हुन आज उत्तर प्रदेशको प्रयागराज जानुहुनेछ।

३. प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारले गरिब जनताको हितका लागि विभिन्न कदम चालेको बताउनु भएको छ ।

४. केंद्रीय गृह मंत्री अमित शाहले हिज नया दिल्लीमा जम्मू-कश्मीरमा सुरक्षा व्यवस्था माथि समीक्षा बैठकको अध्यक्षता गर्नु भयो।

र

५. केंद्रीय ग्रामीण विकास मंत्री शिवराज सिंह चौहानले आज **हाइब्रिड मोड**मा वाटरशेड यात्राको शुभारंभ गर्नु हुनेछ

**दिल्ली-मतदान**

कडा सुरक्षाको साथमा आज दिल्ली विधानसभाको मतदान शुरु भएको छ। ७० सिटका लागि हुने मतदान बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म चल्नेछ जसमा एक करोड ५६ लाख भन्दा अधिक मतदाताहरुले ६९९ उम्मेदवारहरुको भाग्यको फैसला गर्नेछन्। प्रमुख उम्मेदवारहरुमा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवाल, दिल्लीका मुख्यमन्त्री आतिशी, दिल्लीका मन्त्री गोपाल राय, भाजपाका विजेन्द्र गुप्ता, प्रवेश वर्मा, रमेश बिधुरी, कैलाश गेहलोत, कांग्रेस उम्मेदवार सन्दिप दीक्षित, हारुन युसुफ र अल्का लाम्बा प्रमुख रहेका छन्।स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्नका लागि व्यापक व्यवस्था मिलाइएको छ। विधानसभाको ७० निर्वाचन क्षेत्रमा १३,७०० भन्दा अद्धिक मतदान केन्द्रहरू स्थापना गरिएका छन् जसमध्ये ७० मतदान केन्द्रहरू पूर्ण रूपमा महिलाहरूले व्यवस्थापन गरेका छन् भने ७० अन्य मतदान केन्द्रहरू दिव्यांगहरूले व्यवस्थापन गरिरहेका छन्। यसैबीच निर्वाचनलाई सहज रुपमा सम्पन्न गर्नका लागि आयोगले एक लाख ८० हजार भन्दा अधिक मतदान कर्मी परिचालन गरेको छ भने मतदान प्रक्रियालाई सहज रुपमा सञ्चालन गर्नका लागि सबै मतदान केन्द्रमा आवश्यक सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। यसमा रैंप, ह्वीलचेयर, चिकित्सा दल र क्रेच सुविधाहरू समावेश छन्।कुल एक करोड ५६ लाख मतदातामध्ये लगभग ८३ लाख पुरुष, ७२ लाख महिला र एक हजार २६७ तेस्रोलिंगी रहेका छन् भने ७८३ मतदाता १०० वर्षमाथिका छन्।

****** ० ******

**दिल्ली उपराज्यपाल-मतदान अपील**

दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले राष्ट्रिय राजधानी दिल्लीका मतदाताहरुलाई लोकतंत्रको महोत्सवमा भाग लिन मतदान गर्ने अपील गर्नु भएको छ। आफ्नो एक संदेशमा श्री सक्सेनाले भन्नु भएको छ कि **भोट उनकी**

**वाणी है**। उहाले भन्नु भयो मतदानले दिल्ली वासिहरुलाई उनीहरुको आशाको अनुरूप राजधानीलाई स्वरूप प्रदान गर्ने अधिकार प्रधान गर्दछ। मतदानको महोत्सवमा मानिसहरुको भागीदारीले लोकतंत्रलाई सुदृढ़ बनाउने छ उहाले भन्नु भयो। उहाले मानिसहरु संग अपील गर्नु भयो कि सबै मिलेर लोकतंत्रलाई सुदृढ गर्दै दिल्लीलाई मनभावन स्वरूप प्रदान गरुन।

****** ० ******

**प्रधानमंत्री-धन्यवाद प्रस्ताव**

प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सरकारले गरिब जनताको हितका लागि विभिन्न कदम चालेको र यसले २५ करोड मानिसलाई गरिबीबाट माथि उठाएको बताउनु भएको छ। यो सरकारको प्रतिबद्धता, लगनशीलता र मिहिनेतका कारण मात्र यो सम्भव भएको उहाँको भनाइ थियो। यसका साथै उहाँले आफ्नो सरकार योजनाहरूको शतप्रतिशत कार्यान्वयनमा ध्यान केन्द्रित गरेर विकसित भारतको लक्ष्य हासिल गर्ने दिशामा काम गरिरहेको बताउनु भयो। हिजो लोकसभामा संसदको संयुक्त बैठकमा राष्ट्रपतिको अभिभाषणमा धन्यवाद प्रस्तावमाथिको बहसको जवाफ दिँदै प्रधानमन्त्रीले सो कुरा बताउनु भएको हो। श्री मोदीले भन्नुभयो , "राष्ट्रपतिको सम्बोधन प्रेरणादायी थियो र यसले विकसित भारत निर्माणको लागि उनको सरकारको प्रयासलाई अझ बलियो बनाएको छ। सरकारले चालेका कदमहरूबारे प्रकाश पार्दै प्रधानमन्त्री मोदीले भन्नुभयो मानिसहरूलाई चार करोड घरहरू प्रदान गरिएको छ र देशभर १२ करोड शौचालयहरू निर्माण गरिएको छ, जसले करोडौं मानिसहरू, विशेष गरी महिलाहरूको जीवनलाई सजिलो बनाएको छ।

****** ० ******

**शाह-जम्मू-कश्मीर बैठक**

केंद्रीय गृह मंत्री अमित शाहले हिज नया दिल्लीमा जम्मू-कश्मीरमा सुरक्षा व्यवस्था माथि समीक्षा बैठकको अध्यक्षता गर्नु भयो। बैठकमा गृह सचिव गोविन्द मोहन, सेना अध्यक्ष जनरल उपेन्द्र द्विवेदी साथै अन्य वरिष्ठ अधिकारीहरुको पनि उपस्थिति रहेको थियो। गत महीन भएको समीक्षा बैठकमा केंद्रीय गृह मंत्रीले सबै सुरक्षा एजेंसिहरुलाई आतंकवाद विरुद्ध शून्य सहनशीलताको नीति अपनाउन अनि आतंकवादलाई समाप्त गर्नको लागि समन्वित रूपमा काम गरने निर्देश दिनु भएको थियो। उहाले राज्यमा आतंकवादी घटना, घुसपैठ अनि आतंकवादी संगठनहरुमा युवाहरुको भर्तीमा उल्लेखनीय कमीको लागि सुरक्षा एजेंसिहरुको प्रयासको पनि सराहना गर्नु भयो।

****** ० ******

**शिवराज-वाटरशेड यात्रा**

केंद्रीय ग्रामीण विकास मंत्री शिवराज सिंह चौहानले आज **हाइब्रिड मोड**मा वाटरशेड यात्राको शुभारंभ गर्नु हुनेछ, जसको विषय **जल लाए धन-धान्य रहनेछ**। हिज नया दिल्लीमा मीडियालाई संबोधन गर्नु हुदै श्री चौहानले भन्नु भयो कि जन संपर्क अभियानको उद्देश्य वाटरशेड विकास गतिविधिहरु बारेमा जागरूक बनाउनु हो। यस अभियानले 26 राज्य अनि 2 केंद्र शासित प्रदेशको 6 हजार छ सय 73 ग्राम पंचायतलाई कवर गर्नेछ। उहाले भन्नु भयो कि अभियानको माध्यमले जल संरक्षण अनि माटोको क्षरणको बारेमा आम मानिसहरुलाई जागरूक गराउने छ। श्री चौहानले धैरै मानिसहरुलाई यस अभियान संग जोडिने आग्रह गर्नु भएको छ। ग्रामीण विकास मंत्रालयले एक बयानमा भनेको छ यस यात्राको माध्यमले सरकारको लक्ष्य परियोजना क्षेत्रमा वाटरशेड विकास घटक-प्रधानमंत्री कृषि सिंचाई योजना 2.0 को तहत गरिने वाटरशेड विकास गतिविधिहरु बारे मानिसहरुको भागीदारी बढ़ाउने रहेको छ। मंत्रालयले भनेको छ यो यात्राले समुदायमा आधारित दृष्टिकोण प्राप्त गर्न र क्षेत्र स्तरमा कार्यान्वयन संयन्त्रलाई सक्रिय बनाउन मद्दत गर्नेछ। अभियानले कृषि उत्पादकता, जीविकोपार्जन र वातावरण सुधारका लागि प्राकृतिक स्रोतसाधनको दिगो व्यवस्थापनमा जोड दिएको छ।जनसंपर्क अभियानमा समावेश 805 परियोजनाहरूमा लगभग 60-90 दिनको लागि भ्यानहरूको आवागमन समावेश हुनेछ, जसमा 26 राज्यहरू र दुई केन्द्र शासित प्रदेशहरूमा 6,673 ग्राम पंचायतहरू समावेश छन्।

****** ० ******

**प्रधानमत्री मोदी-महाकुंभ**

प्रधानमन्त्री नरेन्द्र मोदी महाकुम्भ मेलामा सहभागी हुन आज उत्तर प्रदेशको प्रयागराज जानुहुनेछ। यस क्रममा उहाँको त्रिवेणी संगममा पवित्र स्नान गर्ने कार्यक्रम रहेको छ । सो अवसरमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ पनि उपस्थित रहनुहुनेछ ।

**बाइट**

विश्वकै सबैभन्दा ठूलो आध्यात्मिक समागममा देश–विदेशका भक्तजनको घुइँचो लागेको छ । भ्रमणका क्रममा प्रधानमन्त्रीले गङ्गा, यमुना र सरस्वती नदीको संगमस्थल त्रिवेणीमा पूजाअर्चना गर्नुहुनेछ भने महाकुम्भमा साधु-सन्तहरूलाई पनि भेट्ने सम्भावना रहेको छ। जनवरी १३ देखि सुरु भएको महाकुम्भमा हालसम्म ३८ करोडभन्दा अधिक भक्तजनले त्रिवेणी सङ्गममा स्नान गरिसकेका छन् ।

यसैबीच भारतको आध्यात्मिक र सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने सरकारको प्रतिबद्धताअनुरूप प्रधानमन्त्री नरेन्द्र मोदीले तीर्थस्थलहरूमा पूर्वाधार र सुविधाहरू बढाउन निरन्तर सक्रिय कदम चाल्नुभएको छ। गत वर्ष १३ डिसेम्बरमा प्रयागराजको भ्रमणका क्रममा प्रधानमन्त्रीले जनताका लागी संपर्क, सुविधा र अन्य सेवाहरू सुधार गर्न पांच हजार पांच सौ करोड़का १६७ विकास परियोजनाहरूको उद्घाटन गर्नुभएको थियो।

****** ० ******

**जम्मू-कश्मीर-सड़क**

केन्द्र शासित प्रदेश जम्मू र कश्मीरमा, प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत विगत तीन वर्षमा ग्रामीण सडकहरू उल्लेखनीय रूपमा विकास भएको छ। जहाँ पाँच हजार किलोमिटरभन्दा अधिक सडक निर्माण भइसकेको छ । लोकसभामा एक प्रश्नको जवाफ दिंदै ग्रामीण विकास राज्यमन्त्री कमलेश पासवानले बर्ष २०२१-२२ मा कुल ३,२७८ किलोमिटर सडक निर्माण गरिएको र यसले ग्रामीण क्षेत्रमा संपर्क बढाएको बताउनु भयो।

****** ० ******

**साहित्य आकादमी पुरस्कार-डोगरी**

सरकारले डोगरी भाषाको लागि वर्ष 2024 को साहित्य अकादमी पुरस्कार दिवंगत चमन अरोड़ालाई उहाको पुस्तक **"इक होर अश्वथामा"** को लागि दीने घोषणा गरेको छ । संस्कृति मंत्रालयले एक वक्तव्यमा बताएको छ कि तीन सदस्यीय चयन समितिको सिफारिसको आधारमा सर्वसम्मतिले यस पुस्तकको चयन गरिएको छ। साहित्य अकादमीका अध्यक्ष माधव कौशिकले यस निर्णयलाई स्वीकृति प्रधान गर्नु भयो । पुरस्कारमा तामा मञ्जुषा सहित तामामा कुँदिएको पट्टिका अनि  एक लाख रुपिया प्रदान गरिने छ । 8 मार्चमा नया दिल्लीमा आयोजित हुने विशेष समारोहमा परिवारको सदस्य वा नामांकित व्यक्तिलाई यो पुरस्कार प्रदान गरिने छ।

****** ० ******